कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

NEPAL WAREHOUSING COMPANY LTD.

# नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड
# NEPAL WAREHOUSING COMPANY LIMITED

**रजिष्टर्ड कार्यालयः काठमाण्डौ महानगरपालिका, वडा नं. ९, सिनामङ्गल, काठमाण्डौं, फोन नं.: ०१-४११७९६१**

**इमेलः** info@nwcl.com.np, **वेबसाइटः** www.nwcl.com.np

**को**

## सर्वसाधारणहरुमा निष्काशन गरिएको साधारण शेयरहरुको बाँडफाँड सम्बन्धी सूचना

यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडले जारी पूँजी ६८,७५,००,०००/- को २० प्रतिशत अर्थात रु.१३,७५,००,०००/- रकम बराबरको प्रति शेयर रु. १००/- अंकित दरमा १३,७५,००० कित्ता साधारण शेयरहरु निष्काशन गरिएकोमा सो मध्ये १० प्रतिशत अर्थात् १,३७,५०० कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, २ प्रतिशत अर्थात् २७,५०० कित्ता शेयरहरु कर्मचारीहरुलाई र ५ प्रतिशत अर्थात् ६८,७५० कित्ता शेयरहरु सामुहिक लगानी कोषहरुका लागि बाँडफाँड गरी बाँकी रहेको ११,४१,२५० कित्ता साधारण शेयरहरु मिति २०८०/०८/१० गतेदेखि मिति २०८०/०८/१३ गतेसम्म सर्वसाधारणमा खरिद बिक्री खुल्ला गरिएकोमा सो अवधि भित्र रितपूर्वक आवेदन दिनु हुने आवेदकहरु मध्ये १,१४,१२५ जना आवेदकहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम मिति २०८०/०८/२० गते बुधबार उक्त साधारण शेयरहरु बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नु हुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ताहरु, नियमन निकायहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंक तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दै साधारण शेयर बाँडफाँड सम्बन्धी विवरण आवेदकहरुले निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाईट www.himalayancapital.com वा श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेवसाईट iporesult.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

साथै सम्पूण सि-आस्वा बैंक तथा वित्तीय सस्थाहरुले बाँडफाँडमा शेयर पर्न सफल आवेदकहरुको रकम निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको निष्काशन बैंक खातामा रकमान्तरण गर्नुहुन र बाँडफाँडमा नपरेको शेयर वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाताबाट फुकुवा गरिदिनुहुन पनि यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

**निष्काशन तथा बिक्री प्रबन्धकः**

**Himalayan Capital**

**A Subsidiary of Himalayan Bank Limited**

### हिमालयन क्यापिटल लिमिटेड

कर्मचारी संचय कोष भवन, ठमेल, काठमाण्डौं, फोनः ०१-५३५८३४५/५३६३१४७

इमेलः **info@himalayancapital.com,** वेवसाइटः **www.himalayancapital.com**